**संस्मरण**

# रेडियो जीवनको मेरा सम्झना: एक आसनमा

**खगेन्द्र नेपाली**

रेडियो नेपालबाट हरेक शनिबार दिउँसो साढे एक बजेको रेडियो नाटक र बेलुकी साढे सात बजे प्रसार हुने गीतिकथा आम मनोरञ्जनको अवसर हुन्थ्यो र त्यस्ता कार्यक्रमहरू देशभरका श्रोताहरूले भ्याइनभ्याइ गरेर सुन्थे भन्दा आजकलका युवा आरजे (रेडियो जक्की) हरूलाई अचम्म र अपत्यारिलो लाग्न सक्छ । यो कुरा, राणाकालमा ट्रान्समिटर खर्पन या डोकोमा राखेर घुम्ती प्रसारण गर्थ्यौं भन्ने अघिल्ला रेडियोकर्मीहरूले भनेको सुन्दा[१] हामी त्यस ताकाका युवा प्रसारकहरूलाई लागे जस्तै हुँदो हो ! अलि अपत्यारिलो तर रोमाञ्चक ।

नेपाली प्रसारणमा, देशभित्र र बाहिर, मेरो संलग्नता एउटा मानिसको जीवनको अनुपातमा लामै रहेको छ । ४० वर्षभन्दा बढी । २०२१ सालतिर एक दिन तत्कालीन शिक्षा सामग्री उत्पादन केन्द्रको शैक्षिक रेडियो कार्यक्रम[२]मा, भूकम्प कसरी जान्छ ? भन्ने एउटा लेखको एक अंश पढेर मेरो रेडियोमा बोल्ने शृङ्खलाको श्रीगणेश भएको थियो । म त्यस बेला शिक्षा सामग्री लेखक केन्द्र[३]मा

---

१ केदारलाल ठाकुर, रामभाइ, बद्रिप्रसाद ठाकुर, भोग्यप्रसाद शाह जस्ता नेपालमा रेडियोका अग्रजहरूबाट यस्ता अनुभव सुन्न पाइन्थ्यो ।

२ तत्कालीन जनक शिक्षा सामग्री केन्द्रले विद्यार्थीहरूको पठनपाठनमा सहयोग पुऱ्याउन भनेर सहायक सामग्रीका रूपमा हप्तामा दुईपल्ट अनौपचारिक रेडियो कार्यक्रम प्रस्तुत गर्थ्यो । त्यस बेला शैक्षिक कार्यक्रम र प्रौढ शिक्षा कार्यक्रमको नामले हप्तामा दुईपल्ट अनौपचारिक रेडियो शिक्षा कार्यक्रम सञ्चालन हुन्थ्यो । यसपछि स्कूल प्रसारण कार्यक्रम सुरु भएको हो ।

३ मैले काम गर्दाको बखतमा बबरमहलमा शिक्षा सामग्री लेखक केन्द्र र शिक्षा सामग्री उत्पादन केन्द्र भन्ने शिक्षा विभागअन्तर्गतका विकास कार्यालयहरू थिए । आजको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड धेरैपछि बनाइएको हो ।

*मिडिया अध्ययन* १: २४५-२५०, २०६३

मासिक पत्रिका *बालक*मा काम गर्थे र पछि त्यस दशकको अन्त्यतिर नेपाल बाल सङ्गठनको संयुक्त प्रकाशनमा सो पत्रिका निस्कँदा म पनि एकजना सम्पादक थिएँ । सोही रेडियो कार्यक्रम सञ्चालनको सिलसिलामा कोलम्बो प्लानअन्तर्गत अष्ट्रेलियामा तालिम लिन गएँ । त्यसपछि सोही शाखाको प्रमुख, रेडियो एजुकेशन अफिसर भएको थिएँ । पछि बीबीसी नेपाली सेवामा आउनको लागि उक्त पदबाट राजीनामा गरेको थिएँ । जे होस् सबभन्दा पहिले रेडियोमा बोल्दाको क्षणको रोमाञ्चक अनुभूति अहिले पनि सम्झँदा एकैछिन अघिकै मात्र हो कि भन्ने लाग्छ, एउटा साह्रै रोमाञ्चक, हलुका डर र भारी उपलब्धिको आभास ।

त्यस बेला रेडियो नेपालमा बोलिएको कुरा रेडियोमा पहुँच हुने लगभग देशभरका सबैले सुन्दथे, अरू विकल्प थिएन । आजको जस्तो एफएम रेडियो र टेलिभिजनहरूको होडबाजी थिएन । सूचना वा समाचारको लागि होस् वा मनोरञ्जनको लागि रेडियो नेपाल नसुन्ने मानिस विरलै हुन्थे । रेडियो नेपालका त्यस बेलाका 'प्रमुख समाचारहरू' राजाका प्रमुख संवाद सचिव वा मन्त्रीहरूले टेलिफोनमा टिपाउँथे । हिन्दी फिल्मी र नेपाली फर्मायसी गीत र एकाध अरू कार्यक्रमबाहेक बाँकी सरकारी मन्त्रालय, विभाग, प्रहरी र सेनाले चलाउँथे ।

विक्रम सम्वत् २०२० को दशकका पछिल्ला वर्षहरूमा रेडियो नेपालले पनि त्यस ताकाका केही 'महत्त्वाकाङ्क्षी' कार्यक्रमहरू प्रसार गर्न थाल्यो । राजधानीबाट त बेलाबेलामा प्रत्यक्ष प्रसारण भनी कार्यक्रमहरू प्रसार गर्थ्यो– जस्तैः फुटबलको रनिङ्ग कमेन्ट्री, राजकीय तथा राष्ट्रिय महत्त्वका अवसरहरूको प्रत्यक्ष विवरण, हाजिरीजवाफ प्रतियोगिता आदि । रेडियो नेपालको कर्मचारी नभइकनै पनि यी तीनैथरीका कार्यक्रमहरूमा मेरो सहभागिता रहन्थ्यो । मैले राजा वीरेन्द्रको राज्याभिषेकमा हनुमानढोका, नासल चोकबाट प्रत्यक्ष विवरण दिएको छु, राष्ट्रिय फुटबल फाइनलहरूमा रनिङ कमेन्ट्री गरेको छु र देशव्यापी हाजिरजवाफ प्रतियोगिताहरू सञ्चालन गरेको छु ।

त्यसैताका राजधानीबाहिर पहिलोपल्ट पोखराको बगरबाट रेडियो नेपालले प्रसार गरेको राजाको अभिनन्दन समारोहको प्रत्यक्ष विवरण पनि मैले सञ्चालन गरेको थिएँ । त्यस बखत त्यो एउटा अपत्यारिलो कुरा लाग्थ्यो । त्यो साँच्चिकै रेडियोबाट प्रसार भइरहेको छ त ? भन्ने जाँच्न बोल्दाबोल्दै ट्रान्जिस्टर रेडियो कानमा लगाएको कुरालाई पनि कसरी बिर्सूं ? नेपालमा दूरसञ्चार सम्पर्कको अत्याधुनिक साधन भनेको माइक्रोवेभ टेलिफोन सुविधा हुन्थ्यो नत्र साधारणतया प्रत्यक्ष प्रसारणस्थलबाट ट्रान्समिटरसम्मको सम्पर्क तारै तानेर गर्नु पर्थ्यो । दुई चारजना इन्जिनियरहरूलाई छाडेर अधिकांश प्राविधिज्ञहरू गरेरै जानेकाहरू


खगेन्द्र नेपालीद्वारा कार्यक्रम प्रस्तुत गर्दाको एक क्षण

हुन्थे । कार्यक्रम उद्घोषकहरूका अतिरिक्त धेरैजसो सौखिन प्रसारकहरू नै हुन्थे । कतिपय प्रसारकहरू बेग्लै पेशा र स्थानमा काम गर्ने भए तापनि सोखका कारण रेडियोमा कार्यक्रमहरू सञ्चालन गर्थे, कोही आंशिक समय करारमा त कोही कार्यक्रमपिच्छे पारिश्रमिकका आधारमा ।

नेपाली प्रसारण क्षेत्रमा अलि पाको र परिचित भइसकेपछि २०३६ सालमा बीबीसीले विज्ञापन गरेको एउटा खुल्ला प्रतियोगिताबाट पहिलो नियमित सञ्चालकका रूपमा बीबीसी नेपाली सेवामा प्रवेश गरेँ । लिखित र मौखिक दुवै परीक्षा भएको सो प्रतियोगितामा नेपालका त्यस बेलाका धेरैजना वरिष्ठ प्रसारक तथा पत्रकारहरूले भाग लिएका थिए । बीबीसी नेपाली सेवा हप्तामा तीनपटक प्रसार हुन्थ्यो त्यस बेला । सन् १९६९ (वि सं. २०२६ तिर) मा हप्तामा एकपटक विशेष गरी ब्रिटिश गोर्खाली सैनिकहरूलाई ध्यानमा राखी प्रसारण हुन थालेको सो कार्यक्रम विद्यार्थीहरू खास गरी बीबीसीमा तालिममा आउने रेडियो नेपालका प्रसारकहरूले चलाउँथे । त्यसबाहेक नेपाली सेवाका लागि त्यस बेलासम्म बीबीसीमा स्थायी जनशक्ति थिएन । साप्ताहिक समाचार समीक्षाका अतिरिक्त कुनै विषयमा सङ्क्षिप्त फिचर र पाए/भेटिएअनुसार कसैका अन्तर्वार्ता प्रसार गरिन्थे । बीबीसी नेपाली सेवामा यादव खरेल, कृष्णा ताम्राकार, नारायण श्रेष्ठ, तीर्थ भण्डारी, ध्रुव थापा, मणि राणा आदिको महत्त्वपूर्ण योगदान छ ।[४] मणि राणा त वरिष्ठ सञ्चालकका पदमा लामो समयसम्म संलग्न रहनु भयो । यहाँनिर अरू धेरैको नाम छुटे तापनि पहिला सञ्चालकका रूपमा पूरन अग्रवाल र ईश्वर मानन्धरलाई भने बीबीसी नेपाली सेवाले कहिल्यै बिर्सन सक्तैन ।

त्यति बेलाको बीबीसी पनि स्वभावत: अहिलेको जस्तो विकसित र प्रविधिसम्पन्न थिएन । कम्प्युटर, ईमेल, इन्टरनेट, डिजिटल उपकरणहरू त झन् हिजैको जस्ता लाग्छन् । समाचार शाखाद्वारा तयार पारिएका समाचारका साइल्कोस्टाइल (लिथो) गरिएका कपीहरूको बण्डल ल्याएर प्रत्येक तल्लाका ल्याडिङहरूमा

[४] उल्लिखित व्यक्तिहरूमध्ये यादव खरेल चाहिँ चलचित्र निर्देशनको तालिममा आउनु भएको थियो ।

छाडिदिन्थे र हामी आ-आफ्नो भाग लिएर अनुवाद गरेर पढ्थ्यौँ । देश विदेशमा रहेका संवाददाताहरूले टेलिग्रामद्वारा खबर पठाउँथे, अङ्ग्रेजीमा, सबैका लागि । अहिलेको जस्तो भाषैपिच्छे भनेजस्तो स्थानीय संवाददाताहरू कहाँ हुनु ? त्यस्तै २०४० को दशकको मध्यसम्म पनि टिप्पणी तथा विश्लेषण गर्ने लेखकहरू अधिकांश अङ्ग्रेजहरू नै हुन्थे । ती धेरैजसो विज्ञ र राम्ररी यथार्थ बुझ्नेहरू हुन्थे । टाकटुक जोडेर सामग्री तयार पार्ने 'कट एण्ड पेस्ट जर्नलिजम' को चलन थिएन ।

अलिपछि आएर बीबीसी नेपाली सेवामा रहँदा २०४६ सालमा प्रजातन्त्र पुनर्बहालीलगत्तै कृष्णप्रसाद भट्टराईलगायत उहाँको अध्यक्षतामा गठित सर्वदलीय सरकारका मन्त्रीहरूको सहभागिता रहेको एउटा *परिसंवाद* कार्यक्रम सञ्चालन गरेको छु, जसलाई बीबीसी नेपाली सेवालगायत रेडियो नेपालले प्रत्यक्ष प्रसारण गरेका थिए । त्यो त्यस प्रकारको सबभन्दा पहिलो कार्यक्रम थियो र त्यस बेलासम्म एउटा विदेशी रेडियो स्टेसनको कार्यक्रम प्रत्यक्ष प्रसार गर्ने कुराको कल्पना पनि गरिँदैनथ्यो । यिनै मेरा प्रसारण जीवनका केही अविस्मरणीय क्षणहरू हुन् ।

नेपालका प्रसिद्ध हास्यव्यङ्ग्य कलाकारहरू मह (मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य) जोडीका साथ स्वास्थ्य चेतनासम्बन्धी एउटा कार्यक्रम शृङ्खला 'मेची महाकाली एक्सप्रेस' लिएर पूर्वमा विराटनगरदेखि पश्चिममा नेपालगञ्जसम्म गएका थियौँ । उनीहरूलाई हेर्न आउने मानिसहरूको सौहार्द्रपूर्ण भीड र नेपालका विभिन्न स्थानबाट श्रोता सहभागितामा प्रत्यक्ष प्रसारण गर्दाको रोमाञ्चक भावना अहिले पनि मनमा ताजै छ ।

त्यस्तै मेरो अर्को अविस्मरणीय अनुभव मलेशियाको छ । विदेशमा काम गर्ने नेपाली युवाहरूबारे एउटा कार्यक्रम शृङ्खलाको लागि सामग्री सङ्कलन गर्न म त्यहाँ पुगेको थिएँ । रबररुखका जङ्गलहरूमा घुम्दा ठाउँठाउँमा सुँगुर गोठहरूमा अमानवीय जीवन बाँचिरहेका नेपाली युवाहरूलाई भेटियो । उनीहरू एजेन्टहरूका साथ लागेर ज्यान हत्केलामा राखी वनजङ्गलको बाटो अवैध रूपमा त्यहाँ पुगेका थिए । काम लगाउने मानिसहरूले काम गरेको पारिश्रमिक नदिने, विभिन्न कष्ट दिने र वैध रूपमा त्यहाँ बस्ने केही नेपालीहरूले नै उनीहरूलाई प्रहरी लगाइदिने धम्की दिँदै पैसा असुल्ने जस्ता समस्याले उनीहरू पिरोलिएका थिए । घर फर्कन मन भए पनि पैसा र पासपोर्टबिना उनीहरू अलपत्र परिरहेका छन् भनेको सुन्दा पीडाले मुटु गाँठो परेको अनुभूति त्यस्तै बिर्सन नसकिने घटना थियो ।

मानिसहरूको जिज्ञासा बीबीसी यथार्थमा कति निष्पक्ष छ, कति नियन्त्रण वा निर्देशनमा काम गर्नुपर्छ ? भन्ने हुन्छ । हुन पनि ब्रिटिश सरकारको अनुदानमा

सञ्चालित विश्व सेवा सरकारको एजेण्डाबाट निर्बाध स्वतन्त्र हुन्छ भन्दा हम्मेसी पत्यार नलाग्न सक्छ । त्यो एक हदसम्म स्वाभाविकै पनि हो ।

पत्रकारिताको कुनै पनि माध्यम सम्पूर्णतः निष्पक्ष र स्वतन्त्र छ भन्नेमा सबैजना सहमत हुन सक्तैनन्, र त्यसबाट बीबीसी पनि अपवाद हुन सक्दैन । त्यसको कारण व्यवस्थापनको साङ्केतिक सुझावको रूपमा आउने हलुका निर्देशन, त्यसमा काम गर्ने व्यक्तिहरूको वैयक्तिक रुझान् र सबभन्दा महत्त्वपूर्ण त त्यसबारेमा धारणा बनाउने पाठक, श्रोता वा दर्शकहरूको बनिबनाउ धारणा पनि हुन सक्छन् । यस्ता कुराबाहेक बीबीसीमा 'यो भन या उसो गर' भनेर चाहिँ कसैले पनि प्रस्ट रूपमा भन्दैन र पेशाप्रति निष्ठावान पत्रकारहरूलाई भन्न पनि सक्तैन । यो व्यक्तिगत अनुभव हो ।

मेरो २७ वर्षे कार्यकालमा बीबीसी नेपाली सेवामा धेरै प्रगति भएको छ । यसले बेलाबेलामा, लगभग हरेक आठ/दसवर्षमा एक पटक आफूलाई कटौतीको 'प्रबल सम्भावना' को अचानो माथि उभ्याइएको पाएको छ । यस्तो अनिश्चितताले अन्योलमा पार्ने तर पनि त्यस्ता अनिश्चयको बादलहरूलाई पार गर्दै यो उत्तरोत्तर प्रगतितर्फ उन्मुख रहिआएको छ । बीबीसी विश्व सेवाले प्रसार गर्ने कार्यक्रमहरूका बारेमा सदैव प्राथमिकता निर्धारण प्रक्रिया चलिरहेको हुन्छ । त्यसकारण स्थायी रूपमा कुन भाषाको भविष्य निश्चित वा अनिश्चित छ भन्नै सकिँदैन । यो प्राथमिकता निर्धारणको क्रममा लक्षित श्रोतालाई निष्पक्ष र स्वतन्त्र समाचार स्रोतको उपलब्धता वा अभाव, श्रोताहरूको सङ्ख्या, त्यस क्षेत्रको राजनीतिक र आर्थिक अवस्था र बेलायत राष्ट्रलाई हुनसक्ने फाइदा जस्ता कुराहरू सामान्य मापदण्ड मानिन्छन् । यी सब कुराले सेवा प्रसारणको प्राथमिकता अनवरत रूपमा तलमाथि भइरहन्छ । साथै कुन भाषामा प्रसारण गर्ने या नगर्ने भन्ने निर्णयमा बेलायती सरकारको राजनीतिक तथा रणनीतिक निर्णयको पनि अहम् महत्त्व हुन्छ ।

उदाहरणको लागि, मध्यपूर्वमा बीबीसीको स्पष्ट उपस्थिति बनाउनको लागि अरबी भाषामा टेलिभिजन सेवा चलाउने निर्णयलाई लिन सकिन्छ । र यसबाट पनि बीबीसीको कार्यक्रम प्राथमिकतामा तलमाथि भएको केही सङ्केत पाइन्छ । अब जहाँसम्म नेपाली सेवाको स्थान कहाँनिर पर्ला भन्ने कुरा छ, त्यसमा दुर्भाग्यवश नै भए पनि नेपालमा विद्यमान राजनीतिक अनिश्चिततापूर्ण तरल अवस्था, माओवादी विद्रोह र त्यसले हालसालैसम्म भनेजस्तो ल्याएको एक किसिमको गृहयुद्धको अवस्था र त्यस असामान्य परिस्थितिमा देशमा प्रेस जगतमाथि लगाइएको अङ्कुश र फलस्वरूप स्वतन्त्र समाचार र अभिव्यक्तिको सुविधाको

अभावका कारण यसको स्थान राम्रै छ भन्न सकिन्छ। तर माथि भनेझैँ प्राथमिकताको समीक्षा बीबीसीमा सदैव चलिरहने एउटा नियमित प्रक्रिया हो र विभिन्न कारणहरूले गर्दा बीबीसी विश्व सेवाकै प्रारूप र प्रसारण अवस्था अहिलेको पाँच/सात वर्षपछि बेग्लै हुने सम्भावना देखिन्छ।

त्यसताका 'वान म्यान सो'[५] भनिने नेपाली सेवामा आज छ/सात जना युवा पत्रकारहरू कार्यरत छन्। त्यस बेला सर्टवेभको अस्पष्ट र 'कहिले आउने कहिले जाने' आवाज सुन्न ट्रान्जिस्टर रेडियो ओल्टाइपल्टाइ गर्ने वा झ्याल कौसीमा गएर सुन्नुपर्ने बीबीसी नेपाली सेवा आज काठमाडौँलगायत नेपालका विभिन्न भागमा एफएमहरूमा र इन्टरनेटमार्फत विश्वभर र चाहेको बखतमा अति स्पष्ट आवाजमा सुन्न सकिन्छ। कार्यक्रमको स्तर र विविधताको फेट उन्नत र फराक भएको छ। २०५२ सालमा बीबीसी नेपाली सेवाले पहिलो नेपाली प्रमुख पाउनु, त्यसका साथ नेपालका विभिन्न स्थानहरूबाट रिपोर्टिङ्को व्यवस्था हुनु र सबभन्दा पहिले काठमाडौँ उपत्यकामा एफएम रेडियोबाट यो कार्यक्रम प्रत्यक्ष प्रसार भई क्रमशः फैलँदै जानु त्यसका केही उदाहरण हुन्।

मैले बीबीसीमा लगायत सबैगरी चार दशकभन्दा लामो अवधिको प्रसारण जीवनबाट एकजना रेडियोकर्मीले पाउन सक्नेजति सन्तोषका साथ अवकाश लिएको छु। सन्तोष यस कारणले कि लगभग सुरुआतको स्थितिबाट बीबीसी नेपाली सेवालाई आजको स्थितिमा ल्याउन र यसलाई अझ अगाडि बढाउने चुनौती सक्षम सहयोगीहरूको काँधमा जिम्मा लगाउन पाएको छु। त्यसैगरी आफूले गरेको सेवालाई श्रोताहरूबाट रुचाइदिएर अगाडि बढ्ने प्रेरणा र प्रोत्साहन पाएको छु।

अब म कार्य व्यस्तताका कारण चाहेर पनि जीवनमा गर्न नभ्याइएका इच्छा र अभिरुचिहरू पूरा गर्न चाहान्छु। अहिले म एउटा मेरो त्यस्तो एउटा इच्छा पूरा गर्न लागेको छु जसमा केही प्रमुख कृतिहरूलाई श्रव्य पुस्तक (अडियो बुक) का रूपमा प्रकाशन गर्ने काम छ। यस सिलसिलामा नेपालीमा पहिलो श्रव्य पुस्तक चाँडै नै यहाँहरू सम्मुख प्रस्तुत गर्ने अपेक्षा राखेको छु। र, आशा छ यसबाट श्रोताहरूसँग मेरो आवाजको सम्बन्ध निरन्तर बनिरहने छ।

---

५ त्यति बेला म एकजना मात्र नियमित कर्मचारी थिएँ दिनहुँ काममा जाने। ईश्वर मानन्धर, सविता मानन्धर, रमेश अधिकारी जस्ता महानुभावहरूले बेलाबेलामा कसैले अनुवाद गरेर र कसैले स्क्रिप्ट वाचन गरेर सहयोग गर्नुहुन्थ्यो। त्यसै गरी बेलाबेलामा लण्डनमा अध्ययन गर्न आउने विभिन्न व्यक्तिहरूले पनि परेको बेलामा सकेको सहयोग गरिदिनुहुन्थ्यो, उहाँहरूको नाम त बीसौँको सङ्ख्यामा हुनजान्छ।